मिति: २०८३/०१/२४ (बिहीबार)

बैठक संख्या: ७३ औं

स्थान: बेसीशहर नगरपालिकाको सभाहल

समय : विहान: ८.३० बजे ।

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ७३ औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ ।

**उपस्थिति:**

| क्र सं | पद | | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख | गुमानसिंह अर्याल | |
| २ | उपाध्यक्ष | नगर उपप्रमुख | पद्मा गुरुङ | |
| ३ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | सुमन अधिकारी | |
| ४ | सदस्य | वडाध्यक्ष (वडा नं.१) | दुर्गा बहादुर बुढाथोकी | |
| ५ | सदस्य | वडाध्यक्ष (वडा नं.२) | मदन बहादुर राना | |
| ६ | सदस्य | वडाध्यक्ष (वडा नं.३) | चित्र बहादुर दनाई | |
| ७ | सदस्य | वडाध्यक्ष (वडा नं.४) | गम बहादुर गुरुङ | |
| ८ | सदस्य | वडाध्यक्ष (वडा नं.५) | इन्द्र बहादुर गुरुङ | |
| ९ | सदस्य | वडाध्यक्ष (वडा नं.६) | प्रकाश थापा | |
| १० | सदस्य | वडाध्यक्ष (वडा नं.७) | ऋषिराम बस्नेत | |
| ११ | सदस्य | वडाध्यक्ष (वडा नं.८) | पवित्रा थापा राना | |
| १२ | सदस्य | वडाध्यक्ष (वडा नं.९) | खुशीजङ गुरुङ | |
| १३ | सदस्य | वडाध्यक्ष (वडा नं.१०) | गंगा बहादुर थापा | |
| १४ | सदस्य | वडाध्यक्ष (वडा नं.११) | शिव प्रसाद जोशी | |
| १५ | सदस्य | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | |
| १६ | सदस्य | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | |
| १७ | सदस्य | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | |
| १८ | सदस्य | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | |
| १९ | सदस्य | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | |
| २० | सदस्य | कार्यपालिका सदस्य | सुकमाया घर्ती | |
| २१ | सदस्य | कार्यपालिका सदस्य | मनिता परियार | |
| | | **सहजकर्ता कर्मचारी** | | |
| १ | कार्यक्रम अधिकृत | | मेघेन्द्र पोखरेल | |
| २ | प्रशासकीय अधिकृत | | दिपेश अधिकारी | |

गुमान सिंह अर्याल

नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०१/२४ को बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८३/०१/२४ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।
२. आ.व.२०८३/८४ को योजना तर्जुमा कार्यतालिका सम्बन्धमा ।
३. नगर शिक्षा योजनाको स्वीकृति सम्बन्धमा ।
४. मुआब्जा/क्षतिपूर्तिको लागि पेश भएको निवेदन सम्बन्धमा ।
५. ८ नं वडा कार्यालय रहेको भवनको सटर खाली गर्ने सम्बन्धमा ।
६. संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको स्वीकृति र कार्यान्वयन सम्बन्धमा ।
७. आयोजना कार्यक्रम संशोधन/परिमार्जन,रकमान्तर/श्रोतान्तर सम्बन्धमा ।
८. फुटकर कार्यक्रम/आयोजना सम्बन्धमा ।
९. शिक्षा, युवा तथा खेलकुँद र स्वास्थ्य शाखासंग सम्बन्धित विषयका सम्बन्धमा ।
   - औषधी खरिद सम्बन्धमा ।
   - स्वास्थ्य संस्था सुदृढीकरण सम्बन्धमा ।
   - शिक्षाको कार्यक्रम संशोधन सम्बन्धमा ।

१०. निर्णय अनुमोदन सम्बन्धमा
   - राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति
   - अपाङ्गता समन्वय समिति, ज्येष्ठ नागरिक मञ्च, महिला सञ्जाल, बाल अधिकार समिति

११. प्रतिवेदन सम्बन्धमा ।
   - अनुगमन समिति
   - सार्वजनिक सुनुवाई

१२. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमको सम्बन्धमा ।
   - बालमैत्री कक्षाकोठा व्यवस्थापन र बाल उद्यान सामाग्री खरिद सम्बन्धमा ।
   - बालमैत्री वडा घोषणा सम्बन्धमा ।

१३. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।
   - बेसीशहर नगरपालिकाको बालकोष(स्थापना र सञ्चालन) कार्यविधि,२०८३
   - बेसीशहर नगरपालिकाको सामुदायिक वन व्यवस्थापन कार्यविधि, २०८३
   - बेसीशहर नगरपालिकाको गुनासो व्यवस्थापन कार्यविधि, २०८३
   - बेसीशहर नगरपालिकाको शिक्षक बैङ्क (स्थापना र सञ्चालन) कार्यविधि, २०८३

१४. मापदण्ड तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने सम्बन्धमा
१५. विपद्जन्य सामाग्री व्यवस्थापन सम्बन्धमा ।
१६. वडास्तरीय सञ्जाल, समिति पुनर्गठन तथा सक्रियता सम्बन्धमा ।
१७. भूमि प्रशासन सम्बन्धी सेवाहरुको सम्बन्धमा ।
१८. मौरीपालन पकेट क्षेत्र पहिचान तथा छनौट सम्बन्धमा
१९. विविध
   - पशु चिकित्सकको स्थायी नियुक्ति अनुमोदन सम्बन्धमा ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०१/२४ को बैठक

- बालमेला सम्बन्धमा ।
- सरकारी तथा सार्वजनिक जग्गाको पहिचान र संरक्षण सम्बन्धमा ।
- लागत साझेदारी तर्फको सडक आयोजना सम्बन्धमा ।
- १० नं वडा कार्यालय भवन निर्माणको रकम माग गर्ने सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१ : अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा।**

मिति २०८२/१२/२३ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो।

**निर्णय नं.२ : आ.व.२०८३/८४ को योजना तर्जुमा कार्यतालिका सम्बन्धमा ।**

आगामी आर्थिक वर्ष २०८२/८३ को बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रिया शुरु भैसकेको सन्दर्भमा अनुसूचीमा संलग्न भए वमोजिमको योजना तर्जुमा सम्बन्धी कार्यतालिका स्वीकृत/अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ : नगर शिक्षा योजनाको स्वीकृति सम्बन्धमा ।**

शिक्षा योजना निर्माण समिति मार्फत तयार भई नगर शिक्षा समितिबाट समेत स्वीकृत भएको बेसीशहर नगरपालिकाको पञ्च वर्षिय शिक्षा योजना (आ.व. २०८२/८३-२०८६/८७) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ : मुआब्जा/क्षतिपूर्तिको लागि पेश भएको निवेदन सम्बन्धमा ।**

जिल्ला प्रशासन कार्यालय लमजुङको च. नं. ४०४, मिति २०८२/१२/२७ को पत्रसाथ संलग्न बेसीशहर नगरपालिका वडा नं ७ निवासी रण बहादुर थापाका छोरा राम बहादुर थापाले उच्च अदालत पोखराको मुद्दा नं ०७७-FJ-०००१ (नि.नं.३१) अदालतको अवहेलना सम्बन्धी मुद्दाको फैसला वमोजिम मुआब्जा क्षतिपूर्ति दिलाइपाउँ भन्ने व्यहोराको निवेदन सम्वन्धमा हाल उक्त मुद्दाको फैसला विरुद्ध नगरपालिकाले सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरी मुद्दा विचाराधिन रहेको हुँदा उक्त मुद्दाको अन्तिम टुङ्गो नलाग्दासम्म सो निवेदन तामेलीमा राखे र सर्वोच्च अदालतबाट अन्तिम फैसला/ठहर भैसकेपछि सोही वमोजिम गर्ने साथै सो को जानकारी जिल्ला प्रशासन कार्यालय लमजुङ र सम्बन्धित निवेदकलाई गराउने निर्णय गरियो ।

**निर्णय नं.५ : ८ नं वडा कार्यालय रहेको भवनको सटर खाली गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ८ को कार्यालय रहेको भवनको भुईंतलामा रहेका सटरहरु मिति २०८० असार मसान्तसम्म सम्झौता गरी व्यवसायीहरुलाई भाडामा लगाइएको र उक्त मितिदेखि उक्त सम्झौता नविकरण हुन नसकेको भएतापनि निज व्यवसायीहरुले उक्त भवनका सटरहरु कब्जा गरी बसिरहेको र निजहरु बसेको अवधीको साविक वमोजिमको भाडा तिरी उक्त भवन खाली गराउन दर्जनौ पटक राजश्व शाखा/नगर प्रहरी/ प्रशासन शाखा तथा प्रमुख प्रशासकीय अधिकृतबाट मौखिक/ लिखित माध्यमबाट ताकेता गर्दा समेत उक्त अवधीको भाडा रकम आंशिक रुपमा मात्र असुल हुन सकेको र बाँकी रकम असुलीका लागि प्रयासरत रहेको अवस्थाका सम्बन्धमा छलफल भयो साथै बेसीशहर नगरपालिका, ८ नं वडा कार्यालयको च.नं. १०७०, मिति २०८२/०९/०४ को पत्रबाट समेत उक्त कार्यालय सञ्चालन गर्न स्थान अपुग भएकोले कार्यालय प्रयोजनको लागि नै आवश्यकता परेको र उक्त भवन अपाङ्गमैत्री र बालमैत्री समेत हुने र नमुना वडा कार्यालयको रुपमा सञ्चालन गर्न लेखि आएकोले उक्त व्यहोरा मनासिव देखिएको हुँदा साविकको दररेट वमोजिम हुन आउने बाँकी रकम असुल उपर गर्ने र सो हुन नसकेमा

गुमान सिंह अर्याल
नगर प्रमुख

सरकारी बाँकी सरह असुल उपर गर्ने गरी भवनका सटरहरु २०८३ जेष्ठ १ गतेबाट खाली गराई मर्मत सम्भार गरी कार्यालय प्रयोजनको लागि व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ : संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको स्वीकृति र कार्यान्वयन सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं १ धाडापाखा खेल मैदान (ढाँड) क्षेत्रबाट निर्माणमुखी सामाग्री उत्खनन् गरी खेलकुँद मैदानको जग्गा विकास गर्ने प्रयोजनको लागि निर्माणमुखी सामाग्रीको उत्खनन्, संकलन र विक्रीको लागि युनिक डिजाइन एण्ड डेभलपमेन्ट इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि, ललितपुर नामक परामर्शदाताद्वारा गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरी सामाग्री उत्खनन्, संकलन र विक्री सम्बन्धी आवश्यक कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.७ : आयोजना कार्यक्रम संशोधन/परिमार्जन,रकमान्तर/श्रोतान्तर सम्बन्धमा ।**

चालु आ.व. २०८२/८३ का लागि स्वीकृत भएका देहाय वमोजिमका नगरस्तरीय/वडास्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय वमोजिम परिमार्जन/स्पष्ट पारी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

देहाय:

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १.वडा फुटकर कार्यक्रम, बेनपा-६, खर्च संकेत नं २२७११ | २ लाख ११ हजार | १.१बेलौती बिसौना सडक बत्ति जडान, बेनपा-६ | ३० हजार | ६ नं वडा कार्यालयको च.नं. ७२२, मिति २०८३/१/२२ को पत्रानुसार । |
| | | १.२ सेरा खानेपानी निर्माण, बेनपा-६ | ३० हजार | |
| २.फाँटगाउँ तल गोरेटो बाटो निर्माण, बेनपा-६, खर्च संकेत नं ३११५१ | १ लाख | २.ठूलीचौरदेखि मालेबगरसम्म गोरेटो बाटो निर्माण, बेनपा-६ | १ लाख | |
| ३.नाला मर्मत,सरसफाई र नाला व्यवस्थापन, बेनपा-७, खर्च संकेत नं २२७११ | ५ लाख | ३.१लाम्बेडी टोल मोटरबाटो निर्माण, बेनपा-७ | २ लाख | ७ नं वडा कार्यालयको च.नं. ११५२, मिति २०८३/१/२३ को पत्रानुसार । |
| | | ३.२हाइस्कुल चोक नाला मर्मत, बेनपा-७ | ५० हजार | |
| ४.महिला तथा बालबालिका लक्षित कार्यक्रम, बेनपा-७, खर्च संकेत नं २२५२९ | २ लाख | ४.१ महिला सशक्तिकरण कार्यक्रम, बेनपा-७ | १ लाख | |
| | | ४.२ वडास्तरीय महिला सञ्जाल वार्षिक बैठक खाजा खर्च व्यवस्थापन, बेनपा-७ | १५ हजार | |
| ५.नाङ्गेपाखा भकुण्डे जाने गोरेटो बाटो निर्माण, बेनपा-११, खर्च संकेत नं ३११५१ (२०८२/१०/२३ को का.पा. बैठकको नि.नं ७/१३.२ संशोधन) | १ लाख | ५.१ राजु पाण्डे बाखा खोर निर्माण, बेनपा-११ | १६हजार ५ सय | ११ नं वडा कार्यालयको च.नं. १५२२, मिति २०८३/१/२२ को पत्रानुसार । |
| | | ५.२रुद्रनिधि तिवारी बाखा खोर निर्माण, बेनपा-११ | १६ हजार ५ सय | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०१/२४ को बैठक

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| ६.विविध, बेनपा-११, खर्च संकेत नं २२७११ | ३ लाख ४७ हजार | ६.गैरीस्वाँराबाट जल्किनी जाने बाटो निर्माण, बेनपा-११ | ४० हजार | |
| ७.१ ज्येष्ठ नागरिक तीर्थाटन कार्यक्रम (नगरस्तरीय), खर्च संकेत नं २२७११ | १ लाख ५० हजार | ७. ज्येष्ठ नागरिक तीर्थाटन कार्यक्रम बेसीशहर नपा | २ लाख ५० हजार | नगरस्तरीय ज्येष्ठ नागरिक मञ्चको मिति २०८२१२/२६ को निर्णय समेतका आधारमा । |
| ७.२ ज्येष्ठ नागरिक सम्मान कार्यक्रम, (नगरस्तरीय) खर्च संकेत नं २२५२२ | १ लाख | | | |
| ८.१ अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन सशक्तिकरण, (नगरस्तरीय) खर्च संकेत नं २२५१२ | १ लाख | अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन सशक्तिकरण कार्यक्रम बेनपा-१० र ११ | २ लाख | अपाङ्गता स्थानीय समन्वय समितिको मिति २०८३/०१/१७ को बैठकको निर्णय समेतका आधारमा । |
| ८.२ अपाङ्गता भएका व्यक्तिहरु विच प्रतियोगिता सञ्चालन, (नगरस्तरीय), खर्च संकेत नं २२५२२ | १ लाख | | | |
| ९.१अपाङ्गता भएका व्यक्तिहरुलाई सहायता सामाग्री उपलब्ध गराउने कार्यक्रम (नगरस्तरीय) २७२१९ | १ लाख | ९. अपाङ्गता भएका व्यक्तिहरुलाई सहायता सामाग्री उपलब्ध गराउने कार्यक्रम | २ लाख | |
| ९.२ अपाङ्ता सम्बन्धी तथ्याङ्क प्रकाशन (नगरस्तरीय), खर्च संकेत नं २२३१५ | १ लाख | | | |
| १०.शिक्षा अनुसन्धान, भाषा, कला तथा साहित्य सम्बन्धी कार्यक्रमहरु (नगरस्तरीय) खर्च संकेत नं २२५२९ | ३ लाख | १०.१ शैक्षिक सत्र २०८२ को नगरस्तरीय परीक्षा कक्षा ६ देखि ९ तथा एस. ई.ई. परीक्षा २०८२ को सिकाइ उपलब्धी गणना, नतिजा विश्लेषण तथा प्रस्तुतीकरण कार्यक्रम | १ लाख | शिक्षा, युवा तथा खेलकुँद शाखाको मागको आधारमा । |
| | | १०.२ दुई शैक्षिक सत्रको नगरस्तरीय परीक्षा कक्षा ८, एस ई ई परीक्षा र कक्षा १२ को परीक्षामा संस्थागत र सामुदायिक विद्यालयबाट | २ लाख | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०१/२४ को बैठक

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| | | उत्कृष्ट भएका विद्यार्थी शिक्षक एवम् विद्यालयलाई गरिने सम्मान कार्यक्रम | | |
| ११.दलित लक्षित आर्थिक सशक्तिकरण कार्यक्रम, बेनपा-२, खर्च संकेत नं २२५१२ | २ लाख | ११.सिरानटोल-सुनारगाउँ बाटो निर्माण, बेनपा-२ | १ लाख | २ नं वडा कार्यालयको च.नं. १४०४, मिति २०८३/०१/२३ को प्राप्त पत्र समेतका आधारमा |
| १२.सडक मर्मत, बेनपा-२, खर्च संकेत नं ३११५१ | १ लाख | सडक हेरालु मार्फत सडक नाली सरसफाई, बेनपा-२ | ६० हजार | |
| १३. महिला बालबालिका र सामाजिक समावेशीकरण अन्तर्गत विविध कार्यक्रम, बेनपा-२, खर्च संकेत नं २२७११ | १ लाख ७५ हजार | १३.खाँद-डाँडाथोक सडक स्तरोन्नति, बेनपा-२ | १ लाख | |
| १४.युवा जागृत कार्यक्रम-जीवन जिउने कला तथा नवप्रवर्तनात्मक, बेनपा-२,खर्च संकेत नं २२५१२ | ४५ हजार | | ४५ हजार | |
| १५.वडाध्यक्ष कप फुटबल कार्यक्रम, बेनपा-२, खर्च संकेत नं २२५२२ | १ लाख ५० हजार | | ४९ हजार | |
| १६. बाँझाखेत-मरनघाट मोटरबाटो निर्माण, योजना बेनपा-१० खर्च संकेत नं ३११५१ | ३ लाख | १६.बाँझाखेत मोटरबाटो स्तरोन्नति, बेनपा-१० | ३ लाख | १० नं वडा कार्यालयको च.नं. १२३७, मिति २०८३/०१/२३ को प्राप्त पत्र समेतका आधारमा |
| १७. कृषि तथा पशु लक्षित कार्यक्रम, बेनपा-१, खर्च संकेत नं ३११३१ | ४ लाख | १७.१ राम्चे कृषि ट्र्याक निर्माण, बेनपा-१ | ३ लाख | १ नं वडा कार्यालयको च.नं. ८७०, मिति २०८३/०१/२३ को प्राप्त पत्र समेतका आधारमा |
| | | १७.२ कमलादेवी आमा समुहको नाममा कुटानी पिसानी मेसिन खरिद, बेनपा-१ | ५० हजार | |
| | | १७.३ आनन्द प्रसाद अधिकारीको घरमा भकारो सुधार कार्यक्रम, बेनपा-१ | ५० हजार | |

गुमान सिंह अर्याल
नगर प्रमुख

**बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०१/२४ को बैठक**

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १८.ज्येष्ठ नागरिक सम्बन्धी विविध कार्यक्रम, बेनपा -१, खर्च संकेत नं २२५२९ | १ लाख ५० हजार | १८.उदिपुर कृष्ण मन्दिरमा सत्तल निर्माण, बेनपा-१ | १ लाख ५० हजार | |
| १९.फुटकर तथा विविध कार्यक्रम खर्च, बेनपा-१ खर्च संकेत नं २२७११ | ६ लाख ३० हजार | १९.सार्वजनिक शौचालय जाने बाटोमा फलामे क्रसिङ निर्माण, बेनपा-१ (२०८२/१२/२३ को का.पा. बैठकको नि.नं १०/११.१ संशोधन) | ३५ हजार | |
| २०.सामाजिक सुरक्षा तथा पञ्जिकरण व्यवस्थापन, बेनपा-१, खर्च संकेत नं २२५२९ | ५० हजार | २०.वडा कार्यालयमा प्रिन्टर, स्क्यानर खरिद, बेनपा-१ | ५० हजार | |
| २१.लक्षित वर्ग तथा विविध कार्यक्रम, बेनपा-९, खर्च संकेत नं २२७११ | ३ लाख १८ हजार | २१.१ पाठेघर क्यान्सर विरामी चिजा परियार स्वास्थ्योपचार सहयोग, बेनपा-९ | २५ हजार | ९ नं वडा कार्यालयको च.नं. ८०३, मिति २०८३/०१/२२ को प्राप्त पत्र समेतका आधारमा |
| | | २१.२ मृगौला रोगी रुपा विक स्वास्थ्योपचार सहयोग, बेनपा-९ | २३ हजार | |
| २२.सिताराम कामीको घरदेखि शेर बहादुर अधिकारीको घर हुँदै विन बहादुर अधिकारीको घरसम्मको सडक सुधार, बेनपा-९, खर्च संकेत नं ३११५१ (नगरस्तरीय) | २ लाख | सिताराम कामीको घरचोकदेखि शेर बहादुर अधिकारीको घर हुँदै विन बहादुर अधिकारीको जग्गासम्म कुलो मर्मत बेनपा- | २ लाख | |
| २३.भैपरी आउने पूँजीगत खर्च (नगरस्तरीय)खर्च संकेत नं ३१५११ | १० लाख | २३.१ फर्निचर/फिक्चर्स खर्च संकेत नं ३११२३<br>२३.२ मेसिनरी औजार खरिद खर्च संकेत नं | ३ लाख<br>२ लाख | |
| २४. अन्य भ्रमण खर्च, खर्च संकेत नं २२६१९ | ६ लाख | २४. स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक तयारी | ६ लाख | |
| २५. सार्वजनिक उपयोगिताको सेवा खर्च संकेत नं २२११३ | २२ लाख | २५. नगरस्तरीय प्र अ बैठक र शिक्षा सम्बन्धी समिति/उपसमिति/कार्यदल को बैठक व्यवस्थापन | ५ लाख | दरबन्दी मिलान कार्यदल, विद्यालय मर्जर समिति, शिक्षक बैंक, कक्षा थप लगायतका समितिहरु समेत । |

प्रुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०१/२४ को बैठक

**निर्णय नं ८: फुटकर आयोजना तथा कार्यक्रम छनौट/अनुमोदन सम्बन्धमा ।**

समुदाय/टोल/बस्तीस्तरमा समस्या भई अति आवश्यक परेका/पर्ने तर बार्षिक कार्यक्रम/बजेट बनाउँदाका बखत समेटिन नसकेका आयोजना तथा कार्यक्रमहरुमा आवश्यक बजेट विनियोजन हुन विभिन्न समुदाय/समूह/संस्थाबाट विपद लगायत तत्कालिन आवश्कयताका आधारमा नगरप्रमुख समक्ष माग निवेदन पत्र पेश भई नगरप्रमुखबाट तोकादेश भएका देहायका आयोजना/कार्यक्रम अनुमोदन गर्ने निर्णय गरियो ।

**देहाय:**

| अनुमोदित आयोजना/कार्यक्रम | बजेट विनियोजित शिर्षक | खर्च संकेत नं | विनियोजित रु. |
|---|---|---|---|
| १.रामजानकी आमा समुह सामुदायिक भवन परिसर ढलान, बेनपा-१ | फुटकर आयोजना तथा कार्यक्रमहरु | २२७११ | ५०,०००/- |
| २.बेसीशहर यूथ सोसाइटी कन्सर्ट सञ्चालन सहयोग, बेसीशहर-८ | अन्य संस्था सहायता | २५३१५ | ६०,०००/- |
| ३.सिद्धेश्वर महादेव मन्दिर गेट निर्माण, बेनपा-११, तिलाहार | फुटकर आयोजना तथा कार्यक्रमहरु | २२७११ | १,५०,०००/- |

**निर्णय नं ९: औषधी खरिद सम्बन्धमा ।**

आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि उपलब्ध गराउनु पर्ने आवश्यक औषधीको सम्बन्धमा चालु आ.व.२०८२/८३ मा e-Bidding प्रक्रियावाट औषधी खरिद कार्य सम्पन्न भई स्वास्थ्य संस्थाहरुमा उपलब्ध गराई सकिएको र स्वास्थ्य संस्थाहरुमा निःशुल्क वितरण गर्ने औषधीहरु अपर्याप्त हुने देखिएको हुँदा आधारभुत तथा आकस्मिक औषधी तथा सर्जिकल सामग्री खरिद शिर्षकमा मौज्दात रहेको बजेटबाट यस आ.व. मा e-Bidding बाट खरिद गरिएकै दररेटमा थप अत्यावश्यक औषधी तथा सर्जिकल सामग्रीहरु खरिद गर्नु पर्ने भनि स्वास्थ्य शाखाबाट पेश भएको सम्बन्धमा नयाँ आ.व.को शुरुमै खरिद कार्य सम्पन्न गरी औषधी उपलब्ध गराउन समय लाग्ने भएकोले औषधी अभाव हुन नदिनका लागि उक्त खरिद कार्य गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं १०: स्वास्थ्य संस्था सुदृढीकरण सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकाको आ.व. २०८२/८३ को नगरस्तरीय आयोजना तथा कार्यक्रमहरुको सामाजिक विकास स्वास्थ्य तथा पोषण कार्यक्रम तर्फ क्र.सं. २.१.६ मा न्यूनतम स्वास्थ्य सेवा मापदण्ड अन्तरगत एक आ.व.मा एउटा स्वास्थ्य संस्था सुदृढीकरण गर्ने कार्यक्रम अन्तरगत चालु आ.व.२०८२/८३ मा चितिथला स्वास्थ्य चौकी बे.न.पा.११ को भौतिक अवस्था समेत सुधार गर्नुपर्ने देखिएको हुँदा उक्त बजेटबाट सो स्वास्थ्य चौकीको मर्मत सुधार गर्ने निर्णय गरियो ।

**निर्णय नं ११: निर्णय अनुमोदन सम्बन्धमा ।**

राजश्व परामर्श समितिको मिति २०८३/०१/०८ र २०८३/०१/२३ को बैठक, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८३/०१/०९ को बैठक, नगरस्तरीय ज्येष्ठ नागरिक मञ्चको मिति २०८२/१२/२६ को बैठक, बाल अधिकार समिति तथा बालमैत्री स्थानीय शासन समितिको मिति २०८२/१२/२७ को बैठक, अपाङ्गता समन्वय समितिको मिति २०८३/०१/१७ को बैठक र नगरस्तरीयल महिला सञ्जालको मिति २०८३/०१/२१ गतेको बैठकले गरेका निर्णयहरु यस बैठकमा जानकारी भयो साथै उक्त निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०१/२४ को बैठक

निर्णय नं १२: अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।

नगर उपप्रमुख श्री पद्मा गुरुङबाट बेसीशहर नगरपालिकाद्वारा चालु आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन गरिएका आयोजना तथा कार्यक्रमहरुको अनुगमन प्रतिवेदन यस कार्यपालिका बैठकमा पेश भई उक्त प्रतिवेदनमाथि छलफल भयो साथै उक्त प्रतिवेदन अनुमोदन गरी प्रतिवेदनमा संलग्न आयोजना /कार्यक्रमहरु फरफारक गर्ने निर्णय गरियो ।

निर्णय नं: १३: सार्वजनिक सुनवाई कार्यक्रमको प्रतिवेदन सम्बन्धमा ।

मिति २०८३/०१/१७ गते बिहीबारका दिन बेसीशहर नगरपालिका वडा नं ५ बाखेजगत स्थित ससकन्या आमा समुहको हलमा विशेष गरी बेसीशहर नगरपालिका वडा नं ४ र ५ का बासिन्दाहरुलाई केन्द्रित गरी आयोजना गरिएको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन यस कार्यपालिका बैठकमा प्रस्तुत भई समिक्षा भयो साथै उक्त सार्वजनिक सुनुवाईको दिन सेवाग्राही/नागरिकहरुबाट प्राप्त भएका सुझावहरुलाई मनन् गरी आगामी दिनमा सुधार गर्दै लैजाने निर्णय गरियो ।

निर्णय नं: १४: बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमको सम्बन्धमा ।

(क) बालमैत्री स्थानीय शासन पद्धति अवलम्बन गर्दै आएको बेसीशहर नगरपालिका वडा नं ३ लाई बालमैत्री वडा घोषणा गर्ने सम्बन्धमा जिल्लास्तरीय अनुगमन समितिबाट अनुगमन हुँदा उक्त वडा स्थित श्री यशोब्रह्मा माविमा बाल उद्यान स्थापना र बालमैत्री कक्षाकोठाको स्तरोन्नति गर्नुपर्ने भएकोले सो कार्यको लागि प्राविधिकबाट लागत अनुमान तयार भए वमोजिम कुल लागत रु. ३,९५,६९५/- मध्ये नगरपालिकाबाट रु.३,६५,८७५/- बालमैत्री स्थानीय शासन प्रवर्द्धन सम्बन्धी कार्यक्रम शिर्षकको खर्च संकेत नं २२५२९ अन्तर्गतको रु ८,५०,०००/- (आठलाख पचास हजार) मध्येबाट विनियोजन गर्ने निर्णय गरियो ।

(ख) बालमैत्री स्थानीय शासन पद्धति अवलम्बन गरी यस सम्बन्धी विभिन्न क्रियाकलाप सञ्चालन गर्दै आएको बेसीशहर नगरपालिका वडा नं ३ लाई बालमैत्री स्थानीय शासनयुक्त वडा (बालमैत्री वडा) घोषणा गर्ने सम्बन्धमा जिल्लास्तरीय सरोकारवालाहरुको बहुपक्षिय अनुमगन टोलीले मिति २०८२/५/२२ मा गरेको स्थलगत अनुगमन र सम्बन्धित वडाको प्रतिवेदन समेतको आधारमा बालमैत्री स्थानीय शासन कार्यान्वयन प्रक्रियाका चरणहरुको कार्यान्वयनको अवस्था र बालमैत्री स्थानीय शासनका ५१ वटा सूचकहरु प्राप्तिको मापन गर्दा अनुगमन समितिबाट औंल्याइएका पक्षहरुमा सुधार गरी तत् पश्चात नगरपालिकाको अनुगमन समितिले अनुगमन गरी सो समितिको बालमैत्री वडा घोषणा गर्न उपयुक्त छ भन्ने व्यहोराको प्रतिवेदन प्राप्त भएपछि नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका,२०७८ को दफा २१ अनुसार बेसीशहर नगरपालिका वडा नं ३ लाई सम्बन्धित वडाले तोकेको दिनमा बालमैत्री स्थानीय शासनयुक्त वडा (बालमैत्री वडा) घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं: १५: कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

यस बेसीशहर नगरपालिकाको काम कारवाही र सेवा प्रवाहलाई थप व्यवस्थित बनाउन नगर कार्यपालिका बैठकबाट समय समयमा निर्णय भएबमोजिम विधायन समितिबाट सिफारिस भई आएका देहायका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

देहाय:

(क) बेसीशहर नगरपालिकाको बालकोष(स्थापना र सञ्चालन) कार्यविधि,२०८३

(ख) बेसीशहर नगरपालिकाको सामुदायिक वन व्यवस्थापन कार्यविधि, २०८३

(ग) बेसीशहर नगरपालिकाको गुनासो व्यवस्थापन कार्यविधि, २०८३

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०१/२४ को बैठक

(घ) बेसीशहर नगरपालिकाको शिक्षक बैङ्क (स्थापना र सञ्चालन) कार्यविधि, २०८३

**निर्णय नं: १६: मापदण्ड तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका मातहत सञ्चालन हुने आयोजनाको वहुवर्षिय ठेक्का व्यवस्थापन सम्बन्धी मापदण्ड,२०८३ सम्बन्धी मस्यौदा तयार गरी अगाडि बढाउन सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं: १७: विपद्जन्य सामाग्री व्यवस्थापन सम्बन्धमा ।**

विपद् पूर्व तयारी र प्रतिकार्यको लागि प्रक्रिया वमोजिम खरिद गरिएका विपद्जन्य सामाग्रीहरु विपद्जोखिम सम्भावित स्थानहरु र भौगोलिक अवस्थाको आधारमा समानुपातिक रुपमा वडाहरुमा समेत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं: १८: वडास्तरीय सञ्जाल, समितिको पुनर्गठन तथा सक्रियता सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको विभिन्न क्षेत्रको काम कारवाहीमा प्रभावकारिता ल्याउन, निर्णय र कार्यान्वयन प्रक्रियामा सहजता र अपनत्व कायम गरी स्थानीय शासन प्रक्रियामा नगरबासीहरुलाई बढी भन्दा बढी सहभागी गराउन विभिन्न कानूनको आधारमा वडास्तरमा गठन गरिएका टोल विकास समिति/संस्था, महिला सञ्जाल, ज्येष्ठ नागरिक मञ्च, बाल अधिकार समिति, विपद् व्यवस्थापन समिति लगायतका विभिन्न समितिमा रिक्त हुन गएका पदाधिकारी तथा सदस्यहरु प्रक्रिया वमोजिम चयन गरी समितिहरुलाई पूर्णता दिन र सक्रिय बनाउन वडाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं: १९: भूमि प्रशासन सम्बन्धी सेवाहरुको सम्बन्धमा ।**

संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह समन्वय शाखाको च.नं. ३९८, मिति २०८३/०१/१४ को पत्रसाथ प्राप्त भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०८३/०१/१० मा प्रकाशित भूमि प्रशासन सम्बन्धी सेवाहरु स्थानीय तहबाट प्रवाह गर्ने सम्बन्धी सूचना अनुसार हालको भूमिसुधार/मालपोत कार्यालय र नापी कार्यालय लमजुङबाट प्रवाह हुँदै आएका सेवाहरु यस नगरपालिकाबाटै प्रवाह गर्न बेसीशहर नगरपालिका इच्छुक रहेको हुँदा सोही व्यहोराको पत्र सम्बन्धित निकायमा प्रेषित गर्ने निर्णय गरियो ।

**निर्णय नं: २०: मौरीपालन पकेट क्षेत्र पहिचान सम्बन्धमा।**

नवप्रवर्तन साझेदारी परियोजना अन्तर्गत "मौरीजन्य उत्पादनमा नवप्रवर्तन तथा उद्यमशीलता प्रवर्द्धन परियोजना" को प्रस्तावित प्रतिफल नं. २ (मौरीपालन पकेट क्षेत्र विस्तार) अन्तर्गत क्लष्टर आधारित नवप्रवर्तनशील मौरीपालन पकेट क्षेत्र पहिचान तथा घोषणा कार्य सञ्चालन गर्न कृषि विकास शाखाबाट १५ (पन्ध्र) दिनको म्याद राखी आवेदन सूचना आह्वान गरी प्राप्त आवेदन कृषि विकास शाखाको प्राविधिक टोलीबाट सम्बन्धित क्षेत्रहरूमा स्थलगत अनुगमन, आवश्यक तथ्य तथा विवरण सङ्कलन तथा मापदण्ड अनुरूप विस्तृत मूल्याङ्कन गरिसकिएको भएतापनि अझै मौरीपालनको लागि उपयुक्त/सम्भाव्य स्थानबाट निवेदन प्राप्त हुन नसकेको देखिएको हुँदा पुनः १ पटकको लागि ७ दिनको म्याद राखी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं: २१: पशु चिकित्सकको स्थायी नियुक्ति अनुमोदन सम्बन्धमा ।**

प्रदेश लोकसेवा आयोग, पोखराबाट यस नगरपालिकामा सिफारिस भई आउनु भएका पशु चिकित्सक (सातौं) श्री अञ्जली पुलामी मगरको स्थायी नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं: २२: बालभेला सम्बन्धमा ।**

बेसीशहर नगरपालिका बालमैत्री स्थानीय शासन पद्धति अवलम्बन गरेको स्थानीय तह भएको र हालसम्म ६ वटा वडाहरु बालमैत्री वडा घोषणा भैसकेको सन्दर्भमा बालबालिकाहरुलाई योजना तर्जुमा प्रक्रियामा सहभागी गराई सहभागिताको अधिकार सुनिश्चित गर्नको लागि आगामी आर्थिक वर्षको योजना तर्जुमाको सिलसिलामा सबै वडाहरुले वडास्तरीय बालभेलाको आयोजना गर्ने र नगरपालिकाले वर्ल्ड भिजन/ग्रामिण सामुदायिक विकास केन्द्रसंग साझेदारी

गुमान सिंह अर्याल
नगर प्रमुख

गरी मिति २०८३/०१/२७ गते नगरस्तरीय बालभेलाको आयोजना गर्ने र उक्त बालभेलाबाट प्राप्त आयोजना/कार्यक्रमहरुलाई प्राथमकिताको आधारमा आगामी आ.व. २०८३/८४ को वार्षिक कार्यक्रममा समावेश गर्ने गर्ने निर्णय गरियो ।

**निर्णय नं: २३: सरकारी तथा सार्वजनिक जग्गाको पहिचान र संरक्षण सम्बन्धमा ।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पतिको संरक्षण गर्नुपर्ने व्यवस्था भएको र यस सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय तह समन्वय शाखाको च.नं.४१२, मिति २०८३/०१/१७ को पत्र तथा जिल्ला प्रशासन कार्यालय लमजुङको च.नं.३१९७, मिति २०८३/०१/२३ को पत्र समेतका आधारमा बेसीशहर नगरपालिका भित्रका सार्वजनिक जग्गाको पहिचान गरी अतिक्रमण भएको भए सो अतिक्रमण हटाउने सम्बन्धी योजना तयार गर्न तथा सार्वजनिक सम्पतिको संरक्षणको लागि ठोस कार्ययोजना सिफारिस गर्न एवम् नगरपालिका क्षेत्रभित्र रहेका वास्तविक सुकम्बासी पहिचान तथा व्यवस्थापन गर्न ठोस कार्ययोजना तयार गरी पेश गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गर्ने साथै उक्त समितिलाई २०८३ जेठ मसान्तभित्र प्रतिवेदन पेश गर्ने गरी सोको लागि आवश्यक बजेट कार्यालयको चालु खर्च खर्च संकेत नं २७२१२ मा रहेको उद्दार राहत तथा पुनर्थापना खर्च शिर्षकबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**देहाय:**

संयोजक-श्री हिरालाल विश्वकर्मा, कार्यपालिका सदस्य/प्रवक्ता, बेसीशहर नगरपालिका
सदस्य-श्री गम बहादुर गुरुङ, वडाध्यक्ष, बेसीशहर नगरपालिका-४
सदस्य-श्री ऋषिराम बस्नेत, वडाध्यक्ष, बेसीशहर नगरपालिका-७
सदस्य-श्री कल्पना थापा बोहरा, कार्यपालिका सदस्य, बेसीशहर नगरपालिका
सदस्य सचिव- श्री दिपेश अधिकारी, प्रशासकीय अधिकृत, बेसीशहर नगरपालिकाको कार्यालय

**निर्णय नं: २४: लागत साझेदारीतर्फको सडक आयोजना सम्बन्धमा ।**

नगरपालिकाको आवासीय क्षेत्रहरुमा नगरपालिकाको ६० र स्थानीय समुदायको ४० प्रतिशत लागत साझेदारीमा सडक कालोपत्रे/ढलान गर्ने कार्यको लागि चालु आ.व. २०८२/८३ मा बजेट विनियोजन भएको र यस सम्बन्धमा नगर कार्यपालिकाको मिति २०८२/०९/२९ को निर्णय नं १६ समेतका आधारमा निवेदन प्राप्त भएको देहाय बमोजिमको सडक आयोजना स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

देहाय:

| आयोजनाको नाम र ठेगाना | कुल लागत रु. | नगरपालिकाले व्यहोर्ने रकम रु | स्थानीय समुदायले व्यहोर्ने रकम रु | कैफियत |
|---|---|---|---|---|
| सिरानटोलदेखि मिलघरसम्म बाटो निर्माण, बेनपा-५, ज्यार्खाङ | ९०२६६२.७३/- | ५,००,०००/- (पाँच लाख) | ४०२६६२.७३ | |

**निर्णय नं: २५: १० नं वडा कार्यालय भवन निर्माणको रकम माग गर्ने सम्बन्धमा ।**

गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयले जारी गरेको स्थानीय तहको प्रशासकीय भवन निर्माणमा लागत साझेदारी सम्बन्धी मापदण्ड, २०८१ बमोजिम यस बेसीशहर नगरपालिका स्थित १० नं वडा कार्यालय भवन निर्माणको लागि आर्थिक मामिला मन्त्रालय गण्डकी प्रदेश (पहिलो पक्ष) र बेसीशहर नगरपालिका (दोस्रो पक्ष) बिच मिति २०८१/१२/१४ मा सम्झौता भए अनुसार १० नं वडा कार्यालय भवन निर्माणको लागि बेसीशहर नगरपालिका

गुमान सिंह अर्याल
नगर प्रमुख

**बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०१/२४ को बैठक**

र निर्माण व्यवसायी विच ठेक्का सम्झौता भई निर्माण कार्य भईरहेको र हालसम्मको भुक्तानी नगरपालिको तर्फबाट गरिएको हुँदा सम्झौता वमोजिम प्रदेश सरकारबाट उपलब्ध गराउनु पर्ने रकम रु. २७,००,०००/- (सत्ताइस लाख मात्र) बेसीशहर नगरपालिकाको संचित कोषमा उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख